मिति २०७९/०६/०२ गतेको गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः बैठक संख्याः-०३/२०७९/०८०

| क. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | भदौ महिनाको प्रगति समिक्षा सम्बन्धमा । | चालु २०७९/०८० को भदौ महिनामा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयबाट सम्पादन भएका कार्यहरुको प्रगति समिक्षा गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| २. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ३. | भू-उपयोग सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिकाको भू-उपयोग परिषद् भू उपयोग कार्यान्वयन समिति गठन तथा भू-उपयोग वर्गीकरण सम्बन्धमा छलफल तथा निर्णय गर्ने। | आर्थिक विकास समिति |
| ४. | भगवतीमाई गाउँपालिका यूवा परिषद् कार्यविधि, २०७९ सम्बन्धमा । | भगवतीमाई गाउँपालिका यूवा परिषद् कार्यविधि, २०७९ छलफल तथा स्वीकृतिको लागि पेश गर्ने सम्बन्धमा । | सामाजिक विकास समिति |
| ५. | जुम्लाकाफल थुवाँ वडालेक कचाली सडकको निर्माण सम्बन्धमा । | जुम्लाकाफल थुवाँ वडालेक कचाली सडकको निर्माण कार्यान्वयन गर्ने । | पूर्वाधार विकास समिति |
| ६. | विद्युत लाईन विस्तार सम्बन्धमा । | विद्युत लाईन विस्तारको लागि आवश्यक बजेट व्यवस्था गर्ने । | पूर्वाधार विकास समिति |
| ७. | श्री भगवती प्राथमिक विद्यालय रानीचौर भवन तला थप निर्माण कार्यको गत आ.व. २०७८/०७९ मा अन्तिम भुक्तानी गर्ने क्रममा रु. ३०००००। बाँकी भुक्तानी सम्बन्धमा । | श्री भगवती प्राथमिक विद्यालय रानीचौर भवन तला थप निर्माण कार्यको गत आ.व. २०७८/०७९ मा अन्तिम भुक्तानी गर्ने क्रममा रु. ३०००००। बाँकी रहेको हुँदा भुक्तानी गर्न आवश्यक बजेट व्यवस्था गर्ने । | पूर्वाधार विकास समिति |

मिति २०७९/०६/०२ गतेको गाउँ कार्यपालिकाको तेस्रो बैठकबाट भएका निर्णयहरुः

१. चालु २०७९/०८० को भदौ महिनामा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयबाट सम्पादन भएका कार्यहरुको प्रगति समिक्षा गरियो।

२. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

३. यस स्थानीय भू-उपयोग परिषद्को कार्यमा सहयोग गर्न भगवतीमाई गाउँपालिकाको लागि देहाय बमोजिमको एक भू-उपयोग कार्यान्वयन समिति पुर्नःगठन गर्ने निर्णय गरियो ।

क) श्री गणेशबहादुर थापा, अध्यक्ष, भगवतीमाई गाउँपालिका - अध्यक्ष
ख) सम्वन्धित वडाको वडा अध्यक्ष - सदस्य
ग) कृषि विकास शाखा प्रमुख - सदस्य
घ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख - सदस्य
ङ) कृष्णप्रसाद अधिकारी, वडा नं. ४ - सदस्य
च) पद्मा शाही, वडा नं. २ - सदस्य
छ) पशुपति शाही, वडा नं. ३ - सदस्य
ज) नन्दे खड्का, वडा नं. ५ - सदस्य
झ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४. भगवतीमाई गाउँपालिका यूवा परिषद् कार्यविधि, २०७९ पेश भयो । कार्यविधि माथि छलफल तथा सुझावको लागि विध्येक समितिमा पठाउने निर्णय गरियो ।

५. यस गाउँपालिकाको चालु आ.व. २०७९/०८० वार्षिक स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकार समपुरक अनुदान र भगवतीमाई गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने जुम्लाकाफल थुवाँ वडालेक कचाली सडकको निर्माण कार्य वडा नं. ५ देउल भन्ने स्थानबाट सुरु गर्ने गरी लागत अनुमान तयार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकामा विद्युतको राष्ट्रिय प्रसारण लाईन विस्तार कार्य अन्तर्गत विद्युत पोल र विद्युत लाईन पुगेको स्थानहरुमा विद्युत लाईन सुचारु गर्न विद्युत सामग्री खरिद तथा विद्युत सञ्चालन सम्बन्धि अन्य कार्यको लागि सम्बन्धित वडा कार्यालयबाट विद्युत शिर्षकमा छुट्याइएको रकमबाट खर्च गर्ने र अपुग भएमा सम्बन्धित वडाका देहायका कार्यक्रमरु संशोधन गरी खर्च गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

| घटाइएको शिर्षक | | | | | बढाइएको शिर्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कार्यक्रमको नाम | बजेट रु. | घटेको बजेट रु. | बाँकी | क्र. सं. | कार्यक्रमको नाम | बजेट रु. | बढेको रकम रु. | जम्मा रु. |
| १. | ठाँटी खानेपानी मर्मत सम्भार | ५०००० | ५०००० | ० | १. | विद्युत लाईन विस्तार | ० | ५०००० | ५०००० |
| २. | ने.रा.पिपल आ.वि. इन्टरनेट तथा कम्प्युटर जडान | ३५०००० | ३५०००० | ० | २. | विद्युत लाईन विस्तार | ० | ३५०००० | ३५००० |

७. यस भगवतीमाई गाउँपालिका वडा नं. २ स्थित श्री भगवती प्राथमिक विद्यालय रानीचौर भवन तला थप निर्माण कार्यको गत आ.व. २०७८/०७९ मा अन्तिम भुक्तानी गर्ने क्रममा रु. ३०००००। कम भुक्तानी भएको हुँदा चालु आ.व. २०७९/०८० को खर्च शिर्षक ८०६६७५०५३०७ भगवतीमाई गाउँपालिका-पूर्वाधार विकास शाखा खर्च शिर्षक नं. ३११५९ अन्य सार्वजनिक निर्माण कार्यक्रमबाट खर्च गर्ने निर्णय गरियो ।